आर्थिक वर्ष २०७६/०७७ को

# बजेट वक्तव्य

मेलम्ची नगरपालिकाको नगरसभामा २०७६ साल असार १० गते
मेलम्ची नगरपालिकाकी उप-प्रमुख भगवती नेपालले
प्रस्तुत गर्नु भएको

स्थानीय सरकार
मेलम्ची नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक
३ नं प्रदेश, नेपाल

**दीर्घकालिन सोच :-** “मेलम्ची नगर सम्वृद्धिको आधार : कृषि, पर्यटन, उद्योग र जलाधार”

नगरसभाका श्रद्धेय अध्यक्ष ज्यू,
नगरसभा सदस्यज्यू, पत्रकार मित्रहरू तथा दर्शकदीर्घामा रहनु भएका महानुभावहरू,

- मेलम्ची नगरपालिकाको उप-प्रमुखको हैसियतले यस नगर सभा समक्ष चालु आर्थिक वर्ष २०७६/०७७ को संसोधित बजेट प्रस्तुत गर्न पाउंदा अत्यन्त गौरवान्वित भएकी छु । यस अवसरमा राजनैतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहीदहरू प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु । त्यसैगरी नगरका तमाम न्यायप्रेमी नेपाली नागरिक प्रति सम्मान प्रकट गर्न चाहन्छु ।
- लामो समयको राजनैतिक संक्रमणकाल पछि देशमा जनप्रतिनिधिमूलक राज्य प्रणाली स्थापना भई लोकतान्त्रिक शासन प्रणाली संस्थागत हुने क्रममा रहेको छ । यो उपलब्धी संगै नगरबासीको भरपर्दो साथ र विश्वास पाएको स्थानीय सरकारलाई नगरको सम्पुर्ण श्रोत र सामर्थ्यको सदुपयोग गरी विकास र समृद्धिको यात्रामा अघि बढ्नु पर्ने आवश्यकता छ ।
- “मेलम्ची सम्वृद्धिको आधार : कृषि, पर्यटन, उद्योग र जलाधार”, भन्ने नाराका साथ आर्थिक सामाजिक विकासको लागि अघि बढीरहेको यस नगरपालिकाले बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, श्रद्धेय नगर प्रमुखद्वारा प्रस्तुत भएको नीति तथा कार्यक्रम, नगर सभाका सदस्यज्यूहरूले दिनु भएका सुझावहरूलाई मार्गदर्शनको रूपमा लिएकी छु, अघिल्लो आर्थिक वर्षको बजेट कार्यान्वयनका सन्दर्भमा हासिल गरेका अनुभव, विभिन्न राजनैतिक दल, संघसंस्था, विद्वतवर्ग तथा नगरवासी दिदी-बहिनी, दाजु-भाईहरूबाट प्राप्त रचनात्मक सुझावहरूलाई समेत ध्यान दिएकी छु

श्रद्धेय सभा अध्यक्ष ज्यू,

- अव म आ.व ०७६।०७७ को विनियोजित वजेटबारे संक्षिप्त जानकारी गराउने अनुमति चाहन्छु । नगरपालिकाबाट चालु आर्थिक वर्षमा आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् ब्यवस्थापन र सुशासन तथा संस्थागत विकास सहित क्षेत्रगत रूपमा कार्यक्रम तथा आयोजना छनौट भएका छन् । साथै अघिल्लो आ.व.को यथार्थ खर्चको विवरण यसै साथ संलग्न अनुसूचीमा रहेको ब्यहोरा निवेदन गर्दछु ।

- नगरपालिकामा आ.व. ०७५।०७६ को जेष्ठ मसान्तसम्म नगरपालिका तर्फको सेवा र दस्तुर वापत रू ६७ लाख ३३ हजार १ सय २९ रूपैया ७० पैसा, प्राकृतिक श्रोत साधन उपयोग वापत ब्यवसायिक कर रू २१ करोड १६ लाख ६१ हजार ६ सय १७ रूपैया ४१ पैसा, सडक मर्मत शुल्क तर्फ रू १ करोड ८७ लाख ९९ हजार ८० रूपैया ९० पैसा र सवारी प्रवेश कर रू ४४ लाख १७ हजार ७ सय ४ रूपैया १० पैसा, सम्पत्तीकर, बहालकर, विज्ञापनकर, ब्यवसायकर, भुमिकर लगायतबाट रू १ करोड त्रिचालिस लाख ५१ हजार ८ सय ९२ रूपैया ३७ सैसा गरी कुल आम्दानी रू २५ करोड ५९ लाख ६१ हजार ४ सय २४ रूपैया ४८ पैसा आन्तरिक आय प्राप्त भएको छ । नेपालको संविधान बमोजिम नगरपालिकाले लगाउने कर, दस्तुर तथा शुल्क

लगायतका राजस्वको दरलाई वैज्ञानिक बनाई राजस्वका आधारहरू विस्तार गर्न नगरपालिकाले आफ्नो आन्तरिक जनशक्तिलाई राजस्वको अध्ययन र प्रतिवेदन तयारीमा परिचालित गरी राजस्व परामर्श समितिको प्रतिवेदनलाई यथार्थपरक बनाउने प्रयास गरिएको छ । यसबाट आगामी दिनहरूमा करको दायरा विस्तार भई आन्तरिक राजस्व परिचालनमा सुदृढ हुने विश्वास लिएकी छु ।

श्रदेय सभा अध्यक्ष महोदय,
अब म आ.व. ०७६/०७७ मा नगर भित्र सञ्चालन हुने प्रमुख कार्यक्रम तथा आयोजनाहरूका लागि रकम विनियोजनको प्रस्ताव पेश गर्ने अनुमति चाहन्छु ।

आगामी आ.व. ०७६।०७७ मा नगरपालिकालाई विनियोजित तथा नगरको आन्तरिक श्रोतबाट प्राप्त हुने अनुमानित वजेट यस प्रकार रहेको छ ।

| आय | |
|---|---|
| **शीर्षक** | **रकम** |
| संघीय समानीकरण अनुदान | १९,९४,००,०००।०० |
| संघीय सशर्त अनुदान | २७,५५,०००००।०० |
| संघीय राजस्व बाँडफाँड | १०,९६,०००००।०० |
| संघीय सशर्त अनुदान सामाजिक सुरक्षा | ९,००,००,०००।०० |
| प्रदेश वित्तीय समानीकरण अनुदान | १,०६,१४,०००।०० |
| प्रदेश सशर्त अनुदान | ६,५४,६४,६८२।०० |
| प्रदेश राजस्व बाडँफाँड | ३,९६,०६,०००।०० |
| जिसस मौज्दात कोषबाटबाट प्राप्त हुने राजस्व बाडफाँड | ४,०५,००,०००।०० |
| दहत्तर बहत्तर | १४,९०,४०,०००।०० |
| आन्तरिक राजस्व | १,४९,४०,०००।०० |
| प्रभावित क्षेत्र | ९३,५०,०००।०० |
| अ. ल्या | ०।०० |
| जम्मा | १००४०१४६८२।०० |

समेत गरी कुल नगरपालिकामा प्राप्त हुने आम्दानी : रू १००४०१४६८२।०० (एक अर्ब चालिस लाख चौध हजार छ सय बयासी रूपैया मात्र)
यस्तै , यस नगरपालिका क्षेत्र भित्र कार्यक्रमहरू संचालन गरिरहेका संघसंस्थाहरूबाट आगामी आ.व.मा संचालन हुने कार्यक्रम तथा योजनाको विवरण प्राप्त भएका छन् । प्राप्त भएका देहाय बमोजिमका कार्यक्रमहरू स्वीकृतीका लागि अनुरोध गर्दछु ।

तपशिल :

| क्र.स | संस्थाको नाम | कार्यक्रमको विवरण | प्रस्तावित बजेट |
|---|---|---|---|
| १ | रिलिफ नेपाल सिन्धुली | कालिका शरण आ.वि. हैवुङ्गमा १६ थान कम्प्यूटर विवतरण | १४५११०५।०० |
| २ | ग्रामिण स्वास्थ्य र शिक्षा सेवा गुठी RHEST | विपन्न परिवारका छोरीलाई शैक्षिक सहयोग २४ विद्यालय | ११०९२०९८।०० |
| ३ | ब्युटिफुल कफी नेपाल | वडा नं ५, ६ र १० मा कफी सम्बन्धी कार्यक्रम संचालन | ७९६५९३।०० |
| ४ | बौद्ध बाहुनेपाटी परिवार कल्याण योजना परिवार | नौलिङ्गे स्वास्थ्यचौकी वडा नं ९ | २४६८७१०।०० |
| ५ | होम कियर नेपाल, बौद्ध, टुसाल | सरसफाई, जनचेतना तथा शैक्षिक सामाग्री | ६३३०००।०० |
| ६ | शान्ति फाउण्डेशन | स्वास्थ्य र प्रजनन स्वास्थ्य | ४८००००।०० |
| ७ | द साल्भेसन मिसन, ललितपुर | जीवनस्तर बृद्धि, दिगो विकास | ८५६२१५८।०० |
| ८ | चाइल्ड नेपाल | बालबालिकासंग सम्बन्धी एवं ग्रामिण सहभागिता र आत्मनिर्भरताको लागि | ११७७६८५८।०० |
| ९ | ह्योसिमेस | विभिन्न अवयवका विकास कार्यक्रम | ७५००००००।०० |
| १० | सामुदायिक वातावरण तथा संरक्षण | विद्यालय पुर्नस्थापना | ८३५५६२०।०० |
| ११ | टुकी संघ सुनकोशी | विविध कार्यक्रम | १८१७८५०।०० |
| १२ | महिला आत्मनिर्भरता केन्द्र, मेलम्ची | एकीकृत बस्ती, बालसंरक्षण, महिला तथा बालबालिका आपतकालिन संरक्षण | १८०२५०००।०० |
| १३ | सामुदायिक आत्मनिर्भरता केन्द्र | जिविकोपार्जन सुधार, साना सिंचाई तथा सहकारी विकास | १८१९५९८।०० |
| जम्मा | | | १४२२७८५९०।०० |

आय व्ययको विस्तृत विवरण यसै साथ संलग्न अनुसूचीमा रहेको व्यहोरा समेत निवेदन गर्दछु

- चालु आ.व. मा पुजिगत तर्फ ६८।७८ प्रतिशत र चालु तर्फ ८४।२४ प्रतिशत प्रगती भएको व्यहोरा निवेदन गर्दै आगामी आ.व. को विनियोजन बजेट प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

- विनियोजित बजेटमध्ये नगरपालिका तर्फको पुजिगत शीर्षकमा ५१ करोड ३५ लाख १४ हजार ६ सय ८२ रूपैया र चालु प्रकृति तर्फका कार्यक्रम तथा प्रशासनिक शीर्षकमा ४९ करोड ५ लाख विनियोजन गरेको छु । संघसंस्थाबाट प्राप्त वजेट नगरसभाबाट स्वीकृत गराई संचालन हुनेछ । संघसंस्थाबाट पेश भएको १४ करोड २२ लाख ७८ हजार बराबरका कार्यक्रमहरू स्वीकृतीका लागि पेश गर्दछु । अव म मेलम्ची नगरपालिकाबाट विनियोजित क्षेत्रगत कार्यक्रम तथा बजेट प्रस्तुत गर्न चाहन्छु ।

- कृषि, पशु र जनस्वास्थ्य सेवाको लागि संयुक्त सेवा केन्द्रको व्यवस्था गर्दै लैजाने नीतिलाई निरन्तरता दिएको छ । यस बमोजिम नगरपालिकाको वडा नं. ४ को पिप्ले क्षेत्रमा संयुक्त सेवा केन्द्र स्थापना संचालनमा रहेको छ सोको संचालन व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- कृषिमा आधुनिकीकरण तथा व्यावसायीकरण गर्दै उत्पादकत्व बृद्धि गरी यस नगर क्षेत्रलाई विषादी रहित अर्गानिक तरकारी, खाद्यान्न, दुग्ध पदार्थ र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउन कृषी विकास कोष बृद्धि गर्न र कृषक लक्षित बालि विकास, विविधिकरण, माटो सुधार, प्रविधि तथा क्षमता विकास सहितका कार्यक्रमहरू संचालन गर्न संसोधन सहित ४ करोड विनियोजन गरेको छु ।
- नगरपालिका भित्र तरकारीबाली, नगदेबाली, फलफुल खेतीको पकेट क्षेत्र निर्धारणगरी विशेष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । कृषिमा समयानुकुल यान्त्रीकरण गर्दै उत्पादन लागत घटाउने तथा उत्पादकत्व बढाउने नगरपालिकाको नीति भए बमोजिम कृषि यन्त्र उपकरण खरीदमा आवश्यकता अनुसार अनुदान प्रदान गर्ने व्यवस्था गरेको छु । मल, विउ, सिंचाई, कृषि प्रविधि र कृषि उपजको बजारको सुनिश्चितता कायम गर्ने तथा बाली, पशु बीमामा किसानको सर्वसुलभ पहुँच पुग्ने व्यवस्थाको लागि समन्वयका साथ कार्य गर्ने व्यवस्था मिलाईएको छ । यस कार्यको लागि निजी क्षेत्र, समूह र सहकारी संस्थाहरूलाई समेत परिचालन गर्ने गरी आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- सार्वजानिक, सहकारी र निजी क्षेत्रको साझेदारीमा पशु नश्ल केन्द्र विकास गरी उन्नत जातका गाई, भैंसी, बाख्रा लगायतका पशुपंक्षीहरूको उत्पादन तथा वितरणलाई व्यवस्थित गर्न तथा पशु स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन गर्न रकम रू १ करोड विनियोजन गरेको छु ।
- सेनेटरी ल्याण्डफिल साइड निर्माण गरी फोहरमैलाको समुचित व्यवस्थापन गरिनेछ, ब्लु वेस्ट टु भ्यालु नामक संस्थासंग कार्य गर्ने गरी प्रक्रिया अगाडी बढाएको छ र उक्त कार्यको लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- मेलम्ची नगरपालिकामा एक सुविधा सम्पन्न अस्पताल निर्माण हुनेछ, जसको निर्माणको संघ तथा प्रदेश सरकारसंग समन्वय गरी आगामी दुई वर्ष भित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।
- नगर शहरी स्वास्थ्य क्लिनिकको स्थापना भएकोमा स्थापित शहरी स्वास्थ्य क्लिनिकहरूको संचालन व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिंदै नगरभित्रका बर्थिङ सेन्टरहरूमा सुत्केरी गराउने नगरपालिका भित्रका सुत्केरी आमाहरूलाई तीन महिना सम्म मासिक रू. १ हजारका दरले पोषण भत्ताको व्यवस्था गरेको छु ।
- नगर भित्र एक वडा एक स्वास्थ्य केन्द्रको नीति बमोजिम वडाहरूमा स्वास्थ्य केन्द्रको स्थापना तथा व्यवस्थाको लागि आवश्यक पहल गरिने छ, नगरभित्र रक्तदान कार्यक्रम तथा रक्त परीक्षण कार्यलाई आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- मेडिको मोवाइल तथा डाटावेश सम्बन्धी स्वास्थ्य सुधार कार्यक्रम संचालन हुदैं आएकोमा महिला स्वास्थ्य स्वयम्सेविकाहरूलाई प्रोस्ताहन गरिनेछ साथै वडा नं २ र वडा नं ८ को स्वास्थ्यचौकी

निर्माणका लागि संघीय र प्रदेश सरकारसंग आवश्यक समन्वय गरिनेछ । जसको लागि नगरपालिकाको तर्फबाट साझेदारीका लागि २० लाख रकम विनियोजन गरेको छु ।

- महिलाहरूको प्रजनन अधिकार सम्बन्धमा सचेतनामुलक कार्यक्रम संचालन गरिनुको साथै पाठेघर क्यान्सर जाँच VIA क्याम्प संचालन गरिनेछ । जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- स्वास्थ्य केन्द्र व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरीनेछ, जसको आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- नगरपालिका क्षेत्र भित्र रहेका प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूमा निःशुल्क आधारभुत औषधि तथा स्वास्थ्य उपचारका लागि उपकरणहरूको व्यवस्थाको लागि आवश्यक बजेट विनियोजन गरेको छु । यी र यस्तै प्रकृतिका स्वास्थ्य शीर्षकमा आर्युवेद चिकित्सा सहितको कार्यक्रमको लागि रू ३ करोड विनियोजन गरेको छु ।
- सुशासनयुक्त नगरको परिकल्पनालाई मद्दत पुग्ने गरी सुशासनमैत्री नगर शीर्षकमा आवश्यक बजेट विनियोजन गरेको छु ।
- शहरी सौन्दर्यता कायम गर्न बजार व्यवस्थापनलाई चुस्त र दुरूस्त राख्न आवश्यक बजेट व्यवस्था गरेको छु ।
- टोलटोलमा मेयर कार्यक्रमलाई निरन्तरता दिईनेछ जसको लागि रू ५ लाख बजेट विनियोजन गरेको छु ।
- न्यायिक समितिको संचालन व्यवस्थापनको लागि आवश्यक रकम विनियोजन गरेको छु,
- सामुदायिक मेलमिलाप केन्द्र संचालन तथा व्यवस्थापनको नीतिलाई निरन्तरता दिएको छु, जसको लागि रू ४ लाख विनियोजन गरेको छु ।
- नगर सुरक्षा कार्यक्रम नगरभित्र क्रियासिल रहेका सुरक्षा निकायसंगको समन्वयमा संचालन गरिनेछ जसको लागि रू १० लाख विनियोजन गरेको छु ।
- नगरपालिका भित्र रहेको टोलबस्तीहरूमा टोल विकास संस्था गठन गर्ने र क्रियासिल गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ, जसको संचालन/व्यवस्थापन/अनुशिक्षण/ प्रोत्साहनका गर्न रू २६ लाख विनियोजन गरेको छु
- बजार व्यवस्थापन, अनुगमन, राजस्व परिचालन तथा उपभोक्ता हित संरक्षणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- विषयगत शाखाहरूले सशर्त अनुदानबाट प्राप्त गर्ने रकम जुन शीर्षकमा खर्च गर्ने गरी प्राप्त भएको हो । सोही शीर्षकबाट खर्च हुने गरी विनियोजन गरेको छु ।
- आकस्मिक हुने विपदको उद्धार, व्यवस्थापनका लागि विपदका अत्यावश्यक सामाग्रीहरूको व्यवस्थापन गरिनेछ, नगरपालिकामा स्थापना गरिएको विपद् व्यवस्थापन कोष बृद्धि गर्न तथा

विपद् व्यवस्थापनका कार्यक्रम संचालन, र जलवायु अनुकुलन कार्यक्रम संचालन गर्न संसोधित सहित रू २ करोड विनियोजन गरेको छु, उक्त कोषको समुचित संचालन व्यवस्थापनका लागि कार्यविधी बनाईको छ ।

## शिक्षा यूवा तथा खेलकुद विकास

- नगरपालिकाद्वारा तयार भएको शिक्षा ऐनको पूर्ण कार्यान्वयनका लागि सम्पूर्ण सम्बद्ध पक्षलाई आग्रह गर्दै आधारभुत शिक्षामा बहु कक्षा बहु शिक्षण पद्धतीलाई प्राथमिकता दिईने छ, विद्यालयहरूलाई बालमैत्री, अपाङ्गमैत्री बनाईदै लगिने छ । यसको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

- मेलम्ची नगर खुल्ला मेयर कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

- शैक्षिक गुणस्तरका सूचकहरू तयार गरी सो को आधारमा विद्यालयको शैक्षिक गुणस्तर मापन गर्ने र सोही आधारमा बजेटको व्यवस्था गर्दै लाने नीति लिईएको छ ।

- नगरका विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनमा प्राथमिकता दिई आधुनिक पद्धतीबाट पठन पाठनको व्यवस्थाको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

- एक विद्यालय एक करेसाबारी स्थापनाको लागि बजेट व्यवस्था गरेको छु ।

- सामुदायिक अध्ययन केन्द्र र नगर सूचना केन्द्र एकीकृत भैं संचालन भैं आएको नगर सूचना केन्द्रको प्रभावकारी व्यवस्थापन गरी सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

- विद्यालय बाहिर रहेका आर्थिक सामाजिक रूपले पछाडी परेका बालबालिकाहरूका लागि अनौपचारिक शिक्षाको कार्यक्रमलाई निरन्तरता दिएको छु, जसको संचालन व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

- शैक्षिक गुणस्तर बृद्धिको लागि समय सापेक्ष शैक्षिक/शैक्षणिक क्रियाकलाप संचालन गर्न नगरक्षेत्रका विद्यालयहरूसंग समन्वय गरी आर्थिक सामाजिक विकासमा शिक्षालाई जिम्मेवार पक्ष बनाईने नीति लिईने छ । यि समग्र शिक्षा कार्यक्रम का लागि रू. २ करोड अन्ठानब्बे लाख विनियोजन गरेको छु ।
- नगर क्षेत्रको खेलकुद विकासको लागि खेलकुद कार्यक्रमलाई प्रभावकारी बनाउन नगर क्षेत्रका युवाहरू र क्रियाशील क्लवहरू संग समन्वय गरी खेलकुदका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।
- सार्वजनिक जग्गा संरक्षणको तथा भवन संहिता सम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाईनेछ, यस कार्यको लागि रकम रू २५ लाख विनियोजन गरेको छु ।

- व्यवसायिक कृषकले पशुपंक्षि पालन व्यवसाय गर्दा सहुलियत कर्जाको लागि वित्तीय संस्थासंग आवश्यक समन्वय गर्नेछ । र सो वापत व्यवसायिक कृषकहरूले लिएको ऋणको निश्चित प्रतिशत ब्याज नगरपालिकाको तर्फबाट ब्यहोरिनेछ जसको लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- राज्यको चौथो अंगको रूपमा रहेको सञ्चार जगतलाई साझेदारी अवधारणा अनुरूप सहयोग गर्ने व्यवस्था गरेको छु । पत्रकारीता क्षेत्रको प्रवर्द्धन एवम् विकासको लागि संचार संग सम्बद्ध निकायहरूसंग समन्वय गरी सञ्चारमैत्री कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- मेलम्ची नगरपालिकाको पर्यटन विकास तथा प्रर्वद्धनको लागी स्थापना भएको कोष बृद्धि तथा धुसेनी, धौले, गुफा चाँखु, हैवुङ्, भोटेचौर, थकनी लगायतका स्थानमा पर्यटन विकासको लागि पर्यटन विकास गुरूयोजनाको आधारमा पिकनिक स्थल, पार्क, होम स्टे, भ्यु टावर, पदमार्ग लगायतको व्यवस्थापन गर्ने नीति बमोजिम रकम रू २ करोड विनियोजन गरेको छु ।
- कला, साहित्य, संस्कृति, मठ,मन्दिर र गुम्वाको संरक्षण, सम्बर्द्धन तथा प्रबर्द्धनको कार्यका लाई निरन्तरता दिइने छ, जसकालागि रू २० लाख रकम विनियोजन गरेको छु ।
- निमार्णधिन मेलम्ची सिटी पार्क, फटकशिला खानेपानी लगायत क्रमागत योजना तथा कार्यक्रमको लागि रू ३ करोड बजेट विनियोजन गरेको छु ।
- नगर चक्रपथको ट्र्याक जोडने, वडा कार्यालयसम्मको सडक विस्तार र सडकको स्तरोन्नती गर्न नगर समग्र सडक शीर्षकमा रू. ३ करोड नब्बे लाख बजेट विनियोजन गरेको छु ।
- वन तथा वातावरण व्यवस्थापनको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ जसको लागि रू. १ करोड बजेट विनियोजन गरेको छु ।
- बस्तीस्तरबाट छनौट भैं आएका ,वडा समितिको प्रथमिकताका अनुसूचीमा उल्लेखित कार्यक्रहरूका लागि रू ७ करोड ८० लाख विनियोजित गरेको छु ।
- भौतिक पुर्वाधार तथा संरचनाको गुणस्तर सुनिश्चितताको लागि सुपरीवेक्षण तथा अनुगमन निरीक्षण कार्यलाई नियमित बनाई प्रभावकारी रूपमा अगाडि बढाईनेछ । त्यसको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु,
- नगरको समग्र विकासमा सार्वजानिक निजी साझेदारी अवधारणालाई प्रोत्साहन गर्ने नीति लिइएको छ । संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र उपभोक्तासंग साझेदारी कार्यक्रम तथा समपुरक कार्यक्रम संचालन गर्नका लागि रू ४ करोड विनियोजित गरेको छु ।
- सिन्धुकोट तथा खड्काथोक दलित बस्ती मेलम्ची-९ को समस्या न्यूनिकरणका लागि खानेपानी आयोजना संचालन गरी यथासक्य छिटो खानेपानीको व्यवस्थापन गरिनेछ यसका लागि रू ४८ लाख २० हजार रकम विनियोजन गरेको छु ।

- निर्माणाधिन नगरपालिकाको भवन तथा शहरी विकास योजनाहरू आ.व.०७६।०७७ मा सम्पन्न गरिनेछ, जसका लागि रू ४ करोड ९६ लाख विनियोजन गरेको छु ।
- सिंचाई सम्बन्धी समस्या न्यूनीकरण गरी कृषि उत्पादन बढाउन प्राविधिकहरूको प्रतिवेदन तयार गरी सिंचाई विकासका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ जसको लागि रकम रू १ करोड विनियोजन गरेको छु ।
- नगर भित्र संचालनमा रहेका सहकारीहरूको बृद्धि विकासको लागि नगर सहकारी ऐन तथा नियमावलीले निर्दिष्ट गरे बमोजिम नियमन तथा ब्यवस्थापन गरिनेछ जसको लागि १० लाख रूपैया विनियोजन गरेको छु ।
- भौतिक पूर्वाधार विकास तथा विविध सार्वजनिक निर्माणको कार्य आवश्कताको आधारमा संचालन गरिनेछ जसको लागि रू १ करोड ९९ लाख विनियोजन गरेको छु ।
- महिला, समावेशी वर्गको उत्थानका जीविकोपार्जन तथा सिपविकास सम्बन्धी कार्यक्रमहरू संचालन गरिनेछ, जसको लागि रू १ करोड ५० लाख विनियोजन गरेको छु ।
- वडाको विकास र कार्यालय संचालन, ब्यवस्थापन तथा सेवाग्राहीहरूलाई सेवा प्रवाहमा गुनासो रहीत वडा कार्यालयलाई कार्यसम्पादन मूल्याङ्कनको सूचाङ्क तयार गरी सूचाङ्कको आधारमा उत्कृष्ट वडालाई प्रोत्साहन गर्ने नीति लिइनेछ । जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**योजना तथा कार्यक्रम कार्यान्वयन तथा सञ्चालन रणनीतिहरू :**

आर्थिक वर्ष २०७६/०७७ को बार्षिक नीति, कार्यक्रम तथा बजेटले परिलक्षित गरेको उद्देश्य प्राप्तिको लागि देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमको रणनीति अवलम्बन गरिनेछ ।

- आधारभूत सेवा तथा पूर्वाधार विकासमा समन्वय, सहकार्य, सहभागिता र साझेदारीको अवधारणलाई थप प्रभावकारी बनाउने ।
- राजश्वका क्षेत्रहरूको पहिचान र अधिकतम परिचालन र उक्त कार्यका लागि सरोकारवालाहरूको सहकार्यमा जोड दिने ।
- ठूला योजनाहरूको सम्भाब्यता अध्ययन एवम् डिजाइनका लागि विज्ञ परामर्श दातृ संस्थाहरूको सेवा लिने ।
- समावेशी तथा सन्तुलित विकासका लागि सामाजिक परिचालनमा जोड दिने
- लक्षित तथा बिशेष लक्षित क्षेत्रमा क्रियाशिल संघसस्थाहरूको सहकार्य र साझेदारीमा जोड दिने ।
- सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा जोड दिने ।

**अन्त्यमा ,**

**श्रद्धेय सभा अध्यक्ष ज्यू, सभा सदस्य ज्यूहरू, पत्रकार मित्रहरू तथा दर्शक दिर्घामा रहुनभएका महानुभावहरू,**

**प्रस्तुत** बजेटको सफल कार्यान्वयनबाट मेलम्ची नगरपालिकाको समावेशी विकासमा सघाउ पुग्ने, आर्थिक बृद्धिलाई मद्दत पुग्ने, रोजगारी अभिवृद्धि हुने र राजस्व अभिवृद्धि गर्न मद्दत पुग्ने विश्वास लिएको छु ।

प्रस्तुत वजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदीबहिनीहरूमा धन्यवाद दिन चाहन्छु । वजेट नीति तथा कार्यक्रमहरूका सिलसिलामा राजस्व परापर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, कार्यपालिकाका सदस्यज्यूहरू, नगरसभाका सदस्यज्यूहरूको विकास प्रतिको एकता, संवेदनशीलता तथा क्षेत्रगत सूचनाको जानकारी, सहभागिता एंव पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपूर्ण रह्यो । नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष सघाउँ पुऱ्याउनु हुने सम्पूर्ण विषयगत समितिका पदाधिकारीहरू, राजनीतिक दलहरू, सरकारी कार्यालय, गैर-सरकारी संघ संस्था, नागरिक समाज, उद्योगी ब्यवसायी, बृद्धिजीवि, सञ्चारकर्मी साथै सम्पूर्ण कर्मचारी साथीहरू प्रति हार्दिक आभार ब्यक्त गर्न चाहन्छु । कुनै पनि योजनाको सफलता सो को सफल कार्यान्वयनमा भर पर्ने भएकाले यसका लागि सबै नगरसभा सदस्यहरू, राजनैतिक दल, नागरिक समाज, सरकारी एंव गैर सरकारी संस्थाहरू, कर्मचारी वर्ग एंव आम नगरवासीको संयुक्त प्रयास आवश्यक हुन्छ । सदा झैं नगरवासी र सबै सरोकारवालाबाट सहयोग प्राप्त भैरहने आशा एंव विश्वास लिएको छु ।

**नमस्कार ! धन्यवाद !**